# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रहरी सेवा करारमा (खुला/समावेशी) पदपूर्ति सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मिति : २०८१/०९/१६)

यस नेपालगञ्ज उप-महानगरपालिकाको लागि नगर प्रहरी इकाईमा तपसिल बमोजिमको पद, तह र संख्यामा नगर प्रहरीको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | विज्ञापनको किसिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०५/२०८१-०८२ | नगर प्रहरी सहायक निरीक्षक | खुला | १(एक) | |
| २. | ०६/२०८१-०८२ | नगर प्रहरी जवान | खुला | ४(चार) | |
| ३. | ०७/२०८१-०८२ | | महिला | १(एक) | |
| ४. | ०८/२०८१-०८२ | | आदिबासी/जनजाति | १(एक) | |
| ५. | ०९/२०८१-०८२ | | मधेसी | १(एक) | |

१. आवश्यक न्यूनतम योग्यता :

क) नगर प्रहरी जवान:

उमेर : दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको ।

शिक्षा : स्वीकृत माध्यमिक विद्यालयबाट कम्तीमा एसइइ वा सो सरह कक्षा उतिर्ण गरेको ।

ख) नगर प्रहरी सहायक निरीक्षक:

उमेर : दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको ।

शिक्षा : नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको ।

- ✓ नेपाली नागरिक ।
- ✓ कुनै राजनीतिक दलको सदस्य नभएको ।
- ✓ कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको ।
- ✓ स्वीकृति प्राप्त चिकित्सकवाट निरोगिताको प्रमाणपत्र पाएको ।
- ✓ आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- ✓ छाती कम्तीमा नफुलाउँदा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।महिलाको हकमा कम्तीमा नफुलाउँदा २७ इन्च र फुलाउँदा २९ इन्च भएका ।
- ✓ नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
- ✓ महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट २ इन्च उचाई भएको ।
- ✓ पुरुषको हकमा कम्तीमा ५० के.जी. र महिलाको हकमा कम्तिमा ४५ के.जी तौल भएको ।

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल


✓ अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने ।

२. आवेदन दस्तुर :

क) नगर प्रहरी सहायक निरीक्षकको दरखास्त फारामका साथ दरखास्त दस्तुर वापत रु. ५००.०० (पाँच सय मात्र) बुझाउनुपर्नेछ।

ख) नगर प्रहरी जवानको दरखास्त फारामका साथ दरखास्त दस्तुर वापत रु. ३००.०० (तिन सय मात्र) बुझाउनुपर्नेछ।एक भन्दा बढि समूहमा दरखास्त बुझाउने उम्मेदवारको हकमा प्रति समूह रु.१००.०० (एक सय मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ।

३. दरखास्त दिने स्थान : नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

४. दरखास्त दिने अन्तिम मिति : २०८१/१०/०१ गते कार्यालय समय भित्र (सो दिन कार्यालय विदा भएमा कार्यालय खुल्ने अर्को दिन कार्यालय समय भित्र) ।

५. दरखास्त साथ बुझाउनु पर्ने कागजातहरु:

- ✓ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि-१ प्रति
- ✓ आफूले हासिल गरेका शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपि-१/१ प्रति हालसालै खिचेको पुरै मुखाकृति देखिने पासपोर्ट साइजको फोटो -३ प्रति
- ✓ पेश गरिने सबै सक्कल कागजातहरुको प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।
- ✓ आदिवासी जनजातिको हकमा : नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर सोही ऐनमा सूचिकृत जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजातको प्रतिलिपि १ प्रति ।
- ✓ मधेशीको हकमा : नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराएको कागजातको प्रतिलिपि-१ प्रति ।

६. छनौट विधि:

- ✓ प्रारम्भिक स्वास्थ्य परीक्षण
- ✓ शारीरिक तन्दुरुस्ती परीक्षा
- ✓ विशेष स्वास्थ्य परीक्षण
- ✓ लिखित परीक्षा
- ✓ अन्तर्वार्ता

७. परीक्षा हुने मिति, समय र स्थान: पदपूर्ति समितिले सूचना प्रकाशन गरी तोकेको मिति, समय र स्थान।

८. पारिश्रमिक तथा सुविधा: करार सम्झौता अनुसार ।

९. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : नेपालगञ्ज उप-महानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०८१) तथा नगर पालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्नुपर्नेछ।

गोर्ख बहादुर थापा
(संयोजक, पदपूर्ति समिति)



CamScanner